# पुथा उत्तरगङ्गा गाउँपालिका
## गाउँ कार्यापालिका बैठकको प्रस्ताव एवं निर्णयहरु
### बैठक सङ्ख्याः ४६, बैठक मितिः २०८२।०५।२७, समयः बिहान ११:०० बजे

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | कै. |
|---|---|---|---|
| १ | अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको ४५ औं कार्यपालिका बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ४६ औं कार्यपालिका बैठक प्रारम्भ गरियो । | |
| २ | पन्जिकाधिकारी टोक्ने सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाका वडा कार्यालयहरुमा स्थायी कर्मचारी पदपूर्ति नभई करार सेवा मार्फत वडाको प्रशासनिक काम काज हुँदै आएको र पन्जिकाधिकारीको काम स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारी र सव इन्जिनियरहरुले गर्दै आएकोमा नागरिकहरुलाई सेवा प्रवाहमा समस्या आएकोले उक्त समस्या समाधानको लागि वडा सचिव नभएको वडाहरुमा स्थायी सचिव पदपूर्ति नहुदा सम्म पन्जिकाधिकारीको जिम्मेवारी सम्बन्धित वडामा कार्यरत कार्यालय सहायकलाई दिने निर्णय गरियो । साथै पन्जिकाधिकारीको जिम्मा लिएका वडा सहायकहरुका लागि मासिक सेवा सुविधा रु२७,५००। उपलब्ध बनाउने निर्णय गरियो । | |
| ३ | योजना स्टिमेट प्रस्तुत तथा छलफल सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ मा कार्यान्वयन हुने टेण्डर गर्ने योजनाहरुको इन्जिनयरले प्रस्तुत गरेको इस्टिमेटमा व्यापक छलफल गरी दशै अगाडी नै टेण्डर गर्ने निर्णय गरियो । | |

धुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत